| ऐन संख्या :- | १ |
|---|---|

# चौविसे गाउँपालिकाको कृषि तथा पशु ब्यवसाय / उद्योग/फर्म /दर्ता ऐन, २०७७

| गाउँ सभाबाट स्वीकृत मिति :- | २०७७/१२/०५ |
|---|---|

**चौविसे गाउँपालिका**
**राजारानी, धनकुटा**
**१ नं. प्रदेश**

**भाग: १**

## चौविसे गाउँपालिकाको कृषि तथा पशु व्यवसाय/उद्योग/फर्म दर्ता ऐन, २०७७

## सम्वत् २०७७ सालको ऐन नं. १

प्रस्तावना: चौविसे गाउँपालिका क्षेत्र भित्रको विद्यमान कृषि तथा पशुपन्छी पालनलाई निवार्हमुखी व्यवसायबाट व्यवसायिक बनाई उत्पादन वृद्धि गरि स्वच्छ गुणस्तरीय प्रतिस्पर्धी आयमुलक पेशा बनाउन वाञ्छनीय भएकोले,

चौविसे गाउँपालिकाको गाउँसभाले यो ऐन बनाई लागु गरेको छ ।

१. संक्षिप्त नाम तथा प्रारम्भ :

(१) यस ऐनको नाम "चौविसे गाउँपालिकाको कृषि तथा पशु व्यवसाय/उद्योग/फर्म दर्ता ऐन, २०७७" रहनेछ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२. परिभाषा: विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा:

(१) "ऐन" भन्नाले " चौविसे गाउँपालिकाको कृषि तथा पशु व्यवसाय/उद्योग/फर्म दर्ता ऐन, २०७७" सम्झनु पर्छ ।

(२) "उद्योग" भन्नाले कृषि तथा पशुपन्छीजन्य उत्पादन, प्रशोधन गरि तयार गरिएको बस्तु वा सेवा लाई समेतलाई जनाउँछ ।

(३) "व्यवसाय" भन्नाले कृषि तथा पशु जन्य कारोवार गर्ने सम्झनु पर्छ ।

(४) "प्राइभेट फर्म" भन्नाले निजी वा कथित नामबाट एक व्यक्तिले उद्योग व्यवसायका निकासी वा पैठारीको व्यापार गर्ने फर्म वा कम्पनी वा कोठी सम्झनुपर्छ ।

(५) "दर्ता" भन्नाले नयाँ कृषि तथा पशुपन्छि व्यवसाय/उद्योग/फर्म चौविसे गाउँपालिका कृषि/पशु विकास शाखामा दर्ता भए बमोजिम सम्झनु पर्छ ।

(६) "नविकरण" भन्नाले साविक जि.कृ.वि.का. र जि.प.से.का. धनकुटामा दर्ता भई वा यस गा.पा. मा दर्ता भई सो दिनबाट लागु हुनेगरि कम्तिमा १ वर्षमा सम्बन्धित शाखामा नबिकरण भएको सम्झनु पर्दछ ।

(७) "अध्यक्ष" भन्नाले गाउँपालिका अध्यक्ष सम्झनु पर्छ ।

(८) "उपाध्यक्ष" भन्नाले गाउँपालिका उपाध्यक्ष सम्झनु पर्छ ।

(९) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले चौविसे गाउँपालिकाको प्र.प्र.अ. सम्झनु पर्छ ।

(१०) "शाखा प्रमुख" भन्नाले कृषि/पशु विकास शाखाको जिम्मेवारी तोकिएको व्यक्ति सम्झनु पर्छ ।

(११) "तोकिएको" वा "तोकिए बमोजिम" भन्नाले यस ऐन अन्तर्गत बनेको नियममा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ ।

(१२) "कार्यपालिका" भन्नाले चौविसे गाउँपालिकाको कार्यपालिका भन्ने सम्झनुपर्छ ।

(१३) "स्थानीय सरकार" भन्नाले चौविसे गाउँपालिका भन्ने सम्झनु पर्छ ।

(१४) "नेपाल ऐन" भन्नाले कुनै व्यवसाय/उद्योग/फर्म दर्ता वा स्थापना गर्ने वा कार्यक्षेत्र यकिन गर्ने सम्बन्धमा बनेको अर्को संघीय वा प्रदेश ऐन भन्ने सम्झनु पर्छ ।

(१५) "भेटेरिनरी प्राविधिक" भन्नाले मान्यता प्राप्त शिक्षण संस्था बाट सो संकायमा उर्तिण भई(ग्रा.प.स्वा.का/जे.टि.ए/जे.टि दर्ता भई प्रचलित कानुन बमोजिम अनुमति लिई काम गर्ने व्यक्ति सम्झनु पर्छ ।

३. <u>सेवा सुविधा बाट वञ्चित गरिने छ:</u> व्यवसाय फर्म दर्ता नगरी सञ्चालन भएमा राज्यबाट प्राप्त हुने सेवा सुविधा बाट वञ्चित गरिने छ ।

४. <u>प्राइभेट फर्म रजिष्टार गर्नलाई दरखास्त दिने र रजिष्टेशन:</u> (१) कुनै प्राइभेट फर्म रजिष्टर गराउन चाहने व्यक्तिले तोकिएको दस्तुर सहित तोकिएको ढाँचाको दरखास्त सम्बन्धित शाखामा दिन सक्नेछ । त्यस्तो दरखास्तमा देहायका विवरण खोलिएको हुनुपर्छ :

(क) प्राइभेट फर्मको नाम ।

(ख) प्राइभेट फर्मको ठेगाना ।

(ग) प्राइभेट फर्मको उद्देश्य तथा त्यसले कारोबार गर्ने चिजवस्तु तथा कामको विवरण ।

(घ) प्राइभेट फर्मको धनीको नाम ठेगाना र बाबु आमा र बाजेको नाम ।

(२) उपदफा (१) अन्तर्गत कसैको दरखास्त दाखिल भएपछि सम्बन्धित शाखाले तोकिए बमोजिम आवश्यक जाँचबुझ गरी हेर्दा दरखास्तमा खोलिएको विवरण साँचो हो भन्ने आफुलाई विश्वास हुने मनासिव कारण भएमा र दरखास्त गरे बमोजिमको प्राइभेट फर्म खोल्न मनासिव देखेमा तोकिए बमोजिमको रजिष्टर किताबमा प्राइभेट फर्म रजिष्टर गरी त्यसको तोकिएको ढाँचाको प्रमाणपत्र दरखास्त वाला लाई दिइनेछ ।

(३) व्यवसाय दर्ता नवीकरणको लागी निवेदनको ढाँचा *अनुसुची १* बमोजिमको हुनुपर्नेछ ।

(४) व्यवसाय दर्ता /नवीकरणको प्रमाण पत्र *अनुसुची २* बमोजिम हुनेछ।

(५) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भएता पनि एउटै व्यक्तिको नाममा एकै उद्देश्य भएको एक भन्दा बढी प्राइभेट फर्म रजिष्टर गरिने छैन ।

(६) दर्ता गर्ने अधिकारी प्रमुख प्रशासकीय अधिकृत हुनेछ । निजले सम्बन्धित शाखाको प्रमुख वा अन्य कर्मचारीलाई आवश्यक अनुसार दर्ता/नवीकरण गर्न अधिकार प्रत्यायोजन गर्न सक्नेछ ।

खजिन्द्र राई
अध्यक्ष

५. **प्राइभेट फर्मको प्रमाणपत्रको अवधि र नवीकरण गर्ने तरिका:** यो ऐन बमोजिम रजिष्टर भएका प्रत्येक प्राइभेट फर्मको प्रमाणपत्रको अवधि १ वर्ष हुनेछ र नवीकरण गर्ने तरिका र त्यसरी नवीकरण गर्दा लाग्ने दस्तुर तोकिए बमोजिम हुनेछ।

६. **विवरणमा हेरफेर गर्नुपरेमा स्वीकृति लिनुपर्ने:** दफा ४ को उपदफा (१) बमोजिम सम्बन्धित शाखामा दिइराखेको विवरणमा कुनै हेरफेर गर्नुपरेमा तोकिएको म्यादभित्र तोकिए बमोजिमको सूचना सम्बन्धित शाखामा दिनुपर्नेछ र सम्बन्धित शाखाबाट स्वीकृति प्राप्त भएपछि मात्र हेरफेर गर्नु सकिनेछ ।

७. **यो ऐन बमोजिम रजिष्टर नभएका प्राइभेट फर्मको नामबाट भएको लेनदेन र अरू कारोबारलाई कानूनी मान्यता नदिइने:** यो ऐन प्रारम्भ भएपछि यो ऐन बमोजिम रजिष्टर नभएको प्राइभेट फर्मको नामबाट गरिने कुनैपनि लेनदेन वा अरू कारोबारलाई कानूनी मान्यता दिइने छैन ।

८. **सम्बन्धित शाखाले विवरण माग गर्न सक्नेछ:** (१) यस ऐन अन्तर्गत रजिष्टर भएका कुनै प्राइभेट फर्मसँग सम्बन्धित शाखाले त्यस्तो प्राइभेट फर्मको हिसाबको विवरण माग गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम माग गरिएको हिसाबको विवरण सम्बन्धित शाखामा पेश गर्नु त्यस्तो प्राइभेट फर्मको कर्तव्य हुनेछ ।

९. **व्यवसाय/उद्योग/फर्म दर्ता/नवीकरण:**

(१) उद्योग/व्यवसाय/फर्म स्थापना गर्न चाहने वा नविकरण कुनै व्यक्तिहरूले आवश्यकता अनुसार पदाधिकारी राखी उद्योग/व्यवसाय/फर्म सम्बन्धी देहायको विवरण खुलाई उद्योग/व्यवसाय/फर्म को एकप्रति र तोकिएको दस्तुर सहित स्थानीय अधिकारी समक्ष निवेदन सहित तपसिल अनुसारका कागजातहरू संलग्न भएको हुनुपर्नेछ ।

(क) रू १० को हुलाक टिकट टास गरेको निवेदन,

(ख) नेपाली नागरिकताको प्रतिलिपि थान, १

(ग) चारकिल्ला प्रमाणित गरेको पत्र थान, १

(घ) सम्बन्धित वडा कार्यालयको सिफारिस पत्र, १

(ङ) व्यवसायिक कार्ययोजना थान, १

(च) जग्गा धनिपुर्जाको प्रतिलिपि थान, १

(छ) मालपोत तिरेको रसिद थान, १

(ज) मञ्जुरी नाम पत्र थान, १

(झ) पासपोर्ट साइजको फोटो २ प्रति

(ञ) चौविसे गाउपालिका कृषि तथा पशु विकास शाखामा दर्ता भएको प्रमाणपत्र वा साविक जिल्ला कृषि/पशु विकास कार्यालयमा दर्ता भएको प्रमाणपत्र नविकरणको हकमा मात्र लागु हुने । अन्य कागजात माग गर्न सकिनेछ ।

खजिन्द्र राई
अध्यक्ष

**१०. अघि दर्ता भई स्थापना भएका व्यवसायिक फर्मले दर्ता नविकरण गर्ने:**

(१) यो ऐन प्रारम्भ हुनुभन्दा अघि तत्काल प्रचलित कानून बमोजिम चौविसे गाउँपालिका क्षेत्रमा रहेका कृषि तथा पशु व्यवसाय/फर्म/उद्योगले तोकिएको दस्तुर बुझाई नविकरण गरेमा यसै ऐन अनुसार दर्ता भएको मानिनेछ ।

(२) यो ऐन प्रारम्भ हुनुभन्दा अघि तत्काल प्रचलित कानून बमोजिम अन्यत्र दर्ता भएका र हाल चौविसे गाउँपालिका क्षेत्रमा कार्य गर्न चाहने सबै उद्योग/व्यवसाय/फमहरूले गाउँपालिका पुन नविकरण निवेदन दिई स्थानीय अधिकारीबाट दर्ता प्रमाणपत्र प्राप्त गर्न सक्नेछन् । यसरी प्रमाणपत्र प्राप्त गरेपछि मात्र गाउँपालिका क्षेत्रमा कार्य गर्ने अनुमति भएको मानिनेछ ।

**११. व्यवसाय/उद्योग/फर्मको उदेश्यहरूमा हेरफेर:**

(१) उद्योग/व्यवसाय/फर्म को उदेश्यहरूमा हेरफेर गर्न आवश्यक देखेमा वा सो उद्योग/व्यवसाय/फर्म लाई कुनै अर्को उद्योग/व्यवसाय/फर्म मा गाभ्न उचित देखेमा सो उद्योग/व्यवसाय/फर्मले तत्सम्बन्धी प्रस्ताव तयार गरी सो प्रस्ताव उपर छलफल गर्न गर्नुपर्नेछ ।

**१२. निदर्शन दिने:**

(१) चौविसे गाउँपालिकाले उद्योग/व्यवसाय/फर्म लाई आवश्यक निर्देशन दिन सक्नेछ र त्यस्तो निर्देशनको पालना गर्नु सम्बन्धित उद्योग/व्यवसाय/फर्मको कर्तव्य हुनेछ ।

**१३. प्राइभेट फर्म खारेज गर्न सकिने:** (१) देहायका अवस्थामा सम्बन्धित शाखाले प्राइभेट फर्म खारेज गर्न सक्नेछ:

(क) सम्बन्धित प्राइभेट फर्मले तोकिएको अवधिभित्र नवीकरण नगराएमा,

(ख) प्राइभेट फर्मको धनीले मुनासिव कारण दर्साई आफ्नो प्राइभेट फर्म खारेज गरीपाउँ भनी सम्बन्धित शाखामा निवेदन दिएमा,

(ग) दफा ४ र उपदफा (३) को विपरित हुने गरी कुनै कुरा ढाँटी प्राइभेट फर्म दर्ता गरेको पाइएमा,

(घ) सम्बन्धित शाखाले दफा ८ बमोजिमको विवरण माग गर्दा सम्बन्धित प्राइभेट फर्मले तोकिएको अवधिभित्र सो विवरण पेश नगरेमा,

(ङ) सम्बन्धित प्राइभेट फर्मले कार्य संचालन गरी सम्बन्धित शाखालाई जानकारी दिई वा नदिई प्राइभेट फर्म बन्द गरेमा,

(च) प्राइभेट फर्मले यो ऐन विपरित हुने गरी अन्य कुनै कार्य गरेमा ।

(२) उपदफा (१) को खण्ड (क) (ग) (घ) (ङ) वा (च) बमोजिम सम्बन्धित शाखाले प्राइभेट फर्म खारेज गर्नुअघि सम्बन्धित प्राइभेट फर्मलाई सफाइको सबुत पेश गर्ने उचित अवसर दिनुपर्नेछ ।

१४. बार्षिक कर : दर्ता भएको फर्मले बुझाउने बार्षिक कर चौविसे गाउँपालिकाको आर्थिक ऐन बमोजिम हुनेछ।

१५. दण्ड सजाय:

(१) यो ऐन बमोजिम नभई विपरित कार्य भएको पाइएमा प्रचलित कानुन बमोजिम दण्ड र सजाय दिईनेछ ।

१६. नियम बनाउने अधिकार: यो ऐनको उदेश्य कार्यान्वयन गर्न चौविसे गाउँपालिकाले आवश्यक नियम कार्यविधि बनाउन सक्नेछ ।

१७. खारेजी र बचाउ: (१) यो ऐन प्रारम्भ हुनु अघि कार्यान्वयनमा रहेको कृषक समुह/पशुपन्छी फर्म/उद्योग/ब्यवासय/भेटेरीनरी प्राबिधिक(ग्रा.प.स्वा.का./जे.टि/जे.टि.ए) सहकारी दर्ता/अभिलेखीकरण संचालन कार्यबिधि,२०७६ बमोजिम भए गरेका काम कारबाही यसै ऐन बमोजिम भए गरेको मानिनेछ ।

खजिन्द्र राई
अध्यक्ष

अनुसुची १
दफा ४ को उपदफा (३) सँग सम्बन्धित
निवेदन ढाँचा
मिति२०७७/ /

श्री प्रमुख प्रशासकीय अधिकृत ज्यु
चौविसे गाउपालिकाको कार्यालय
राजारानी,धनकुटा

विषय: ............दर्ता/नविकरण सम्बन्धमा ।

महोदय

उपरोक्त सम्बन्धमा चौविसे गाउपालिका वडा नं..... श्री ...............................ले मिति.................................. देखी सञ्चालित श्री.............................................को फर्मको लागी तपशिल कागजात यसैसाथ संलग्न राखी यो निवेदन पेश गर्दछु ।

तपशिल

(क) रू १० को हुलाक टिकट टास गरेको निवेदन,
(ख) नेपाली नागरिकताको प्रतिलिपि थान, १
(ग) चारकिल्ला प्रमाणित गरेको पत्र थान, १
(घ) सम्बन्धित वडा कार्यालयको सिफारिस पत्र, १
(ङ) व्यवसायिक कार्ययोजना थान, १
(च) जग्गा धनिपुर्जाको प्रतिलिपि थान, १
(छ) मालपोत तिरेको रसिद थान, १
(ज) मन्जुरी नामा पत्र थान, १
(झ) पासपोर्ट साइजको फोटो २ प्रति
(ञ) नवीकरणको हकमा अगाडी दर्ता भएको निकायको प्रमाण पत्र सक्कल

निवेदक
नाम:
दस्तखत:
ठेगाना:
मो.न
छाप

अनुसूची २
दफा ४ को उपदफा (४) सँग सम्बन्धित
उद्योग/व्यवसाय/फर्म दर्ता प्रमाणपत्रको नमुना
चौविसे गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
राजारानी, धनकुटा, १ नं. प्रदेश

दर्ता नं.............. मिति : ......................

## दर्ता/ नवीकरण/ अभिलेखीकरण प्रमाण -पत्र

कृषि/पशुपन्छि फर्म/उद्योग/व्यवसाय/भेटेरिनरी प्राविधिक(ग्रा.प.स्वा.का/जे.टि/जे.टि.ए.) लाई सुब्यवस्थि गर्दै चौविसे गाउँपालिका पशु विकास शाखा/कृषि विकास शाखा, राजारानी धनकुटाले व्यवसाय सम्बन्धी तोकेको ऐन, नियम र कानुनको परिधिमा रहि धनकुटा जिल्ला चौविसे गाउपालिका वडा न............... टोल.............................. मा मिति ......................... देखि संचालित कृषि/पशुपन्छि फर्म/उद्योग/व्यवसाय/भेटेरिनरी प्राविधिक( ग्रा.प.स्वा.का/जे.टि/जे.टि.ए.) श्री ...................................................... लाई यस कार्यालयको अभिलेखमा दर्ता गरी यो प्रमाण पत्र प्रदान गरिएको छ ।

कुल पुंजी रू:
स्थिर पुंजी रू:
चालु पुंजी रू:

खजिन्द्र राई
अध्यक्ष

.........................

चौविसे गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
रवारानी, धनकुटा
२०७३

| नवीकरण गरेको मिति | दर्ता नं. | अवधि मिति | | प्रमाणित गर्ने पदाधिकारीको सहि | कार्यालयको छाप | कैफियत |
|---|---|---|---|---|---|---|
| | | देखि | सम्म | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |

खजिन्द्र राई
अध्यक्ष